JAPAN LEGAL SUPPORT CENTER

ネパール語
अक्टोबर, 2020 मा सिर्जना गरिएको

# सामान्य समस्याहरू सम्बन्धित प्रश्नोत्तर

यदि तपाईं कानूनी समस्याहरूका बारेमा चिन्तित हुनुहुन्छ भने
कृपया Houterasu मा फोन गर्न
नहिच्किचाउनुहोला

## Houterasu बहुभाषीय जानकारी सेवा

## 0570−078377

कार्यालय सेवा दिनहरूमा (वर्षको अन्त र नयाँ बर्षको बिदाहरू बाहेक) बिहान 9 बजेदेखि साँझ 5 बजेसम्म दोभाषेले तपाईंले रुचाएको Houterasu कार्यालयमा सम्पर्क गराउनेछ र तपाईंको लागि अनुवाद गर्नेछ ।

◆समर्थित भाषाहरू◆
अङ्ग्रेजी, चिनियाँ, कोरियाली, स्पेनिश, पोर्चुगाली, भियतनामी
तागालग, नेपाली, थाई, इन्डोनेसियन

- कल शुल्क तपाईंले प्रयोग गरिरहेको फोनको प्रकार, करार र दूरीमा आधारित हुन्छ ।
- यो नम्बरमा विदेशबाट सम्पर्क गर्न सकिँदैन ।
- जनवरी, 2021 को सुरुवातबाट इन्डोनेसियन भाषा सहायता उपलब्ध हुनेछ ।

कानूनी सहायता केन्द्र, जापान (Houterasu)
राष्ट्रिय सार्वजनिक निगम
थप जानकारीको लागि कृपया Houterasu को वेबसाइटमा हेर्नुहोस् ।
https://www.houterasu.or.jp/en/index.html

# आवासहरू

## मैले कोठा भाडा बुझाउन बिर्सिएको हुनाले मेरो घरधनीले मलाई कोठा खाली गर्न भन्नुभयो । के मैले मेरो कोठा खाली गर्नुपर्छ ?

कोठा छोड्नुपर्ने आवश्यकता भनेको बहाल नबुझाउँदा लिजदाता (लेस्सर) र लिज प्राप्तकर्ता (लेस्सी) बीचको विश्वासको सम्बन्ध टुटेको छ वा छैन भन्ने कुरामा भर पर्छ । सामान्यतया तीन महिना वा सोभन्दा बढीसम्म बहाल नबुझाउँदा विश्वासको सम्बन्ध टुटेको सरह बुझिन्छ ।

त्यसकारण एकपटक बहाल बुझाउन नसकिँदैमा आफ्नो कोठा खाली गर्न आवश्यक पर्दैन । बहाल बुझाउन नसकिँने अवस्थामा तुरुन्तै कोठा खाली गर्नुपर्ने विशेष करार भए तापनि यस करारलाई अमान्य ठहर गर्न सकिन्छ ।

थप जानकारीको लागि कृपया वकील वा लेखनदास जस्ता विशेषज्ञसँग परामर्श लिनुहोला ।

## मैले अपार्टमेन्ट खाली गर्ने बेलामा फ्रीज राखेको पछाडि पट्ठिको वालपेपर इलेक्ट्रिकल बर्नले गर्दा हल्का कालो भएको रहेछ । घरधनीले त्यो देख्नुभयो र वालपेपर बदल्नका लागि शुल्क तिर्न लगाउनुभयो । के मैले यो भुक्तानी गर्नुपर्छ ?

लिजमा लिइएको सम्पत्ति खाली छोड्ने बेलामा लिज प्राप्तकर्ता (बहालवाला) ले उक्त सम्पत्ति लिजमा लिदाँको बखतमा जुन हालत प्राप्त गरेको थियो सोही हालतमा लिजदातालाई फिर्ता गर्नुपर्ने दायित्व हुन्छ ।

सम्पत्तिलाई यसको पूर्वावस्थामा ल्याउने दायित्व भनेको सामान्यतया यसलाई लिज प्राप्तकर्ताले जानाजान वा लापरवाहीले गर्दा भएको हानि, नोक्सानी, दाग वा क्षतिको मर्मत गर्नु, लिज लिज प्राप्तकर्ताबाट सामान्यतया अपेक्षा गरिने सम्पत्तिको हेरचाह, कर्तव्य उल्लङ्घन वा सामान्य सीमाभन्दा बढी प्रयोग हुनबाट रोक्नु हो, यसको मतलब "यसलाई नयाँ अवस्थामा पुन: निर्माण गर्नु" होइन । त्यसकारण समय अन्तराल र सामान्य भोगचलानबाट हुने हानि, नोक्सानी, दाग वा क्षति आदि लिज बहाल रकममा समावेश हुने भएकोले यसको मर्मत सम्भार लागत लिज प्राप्तकर्ताले बेहोर्नुपर्दैन ।

त्यसैले लिज प्राप्तकर्ताको सामान्य जीवनशैलीमा रेफ्रिजरेटरहरू जस्ता विद्युतीय उपकरणहरूको पछाडि रहेको वालपेपर डढ्ने हुनाले सामान्यतया लिजदाताले नै यसको सम्भार गर्नुपर्ने हुन्छ, लिज प्राप्तकर्ताले होइन । यद्यपि, सम्पत्तिलाई पूर्वावस्थामा ल्याउने दायित्व उल्लङ्घन भएको वा नभएको भन्ने कुरा लिजमा लिइएको सम्पत्ति र लिज प्राप्तकर्ताले भोगचलान वा उपभोग गरेको अवस्थामा निर्भर रहन्छ । तसर्थ, थप जानकारीका लागि वकील वा लेखनदाससँग परामर्श लिन र उहाँहरूलाई लिज करार, गोपनीयता पत्र, अपार्टमेन्टमा सर्ने र खाली छोड्ने बखतमा लिइएका फोटोहरू र उपकरणको मर्मत शुल्क र सरसफाई शुल्क आङ्कलन गरेर बुझाउन सुझाव गर्छौं ।

# पैसा सापट लिने र दिने

## मैले काम गर्ने ठाउँमा सहकर्मीलाई पैसा दिएको थिएँ तर उहाँले आफूसँग ऋण लिएको ऋण स्वीकृत लिखितम नभएकोले मलाई पैसा फिर्ता गर्न आवश्यक पर्दैन भनी भनिरहनुभएको छ । मैले के गर्नुपर्छ ?

ऋणीले ऋणदातालाई पैसा फिर्ता गर्न सहमत भएसम्म ऋण स्वीकृत लिखितम नभए तापनि पैसा सापटी लेनदेन (ऋण सम्झौता) गरेको क्दर हुन्छ ।

त्यसकारण ऋणदाताले ऋणीलाई ऋण स्वीकृत लिखितम नभए पनि सापटी रकम फिर्ता गर्नुपर्ने अन्तिम मितिसम्ममा पैसा फिर्ता बुझाउन अनुरोध गर्न सक्नुहुन्छ । ऋणीले पैसा फिर्ता गर्न अस्विकार गरेमा ऋणदाताले प्रमाणित पत्राचारमार्फत वा नागरिक मध्यस्थता वा नागरिक अदालती कार्यवाही प्रक्रियाहरूको प्रयोग गरी भुक्तानी गर्न अनुरोध गर्न सक्नुहुन्छ ।

यद्यपि, अदालती कार्यवाही प्रक्रिया जस्ता नागरिक कार्यविधिहरूको प्रयोग गर्दा ऋणदाताले सो समयमा ऋणी पैसा फिर्ता गर्न सहमत थियो भन्ने कुरा प्रमाणित गर्नुपर्छ (ऋण सम्झौता भएको हुनुपर्छ) । करारका पक्षहरू, सापटी रकम, ऋणीले रकम प्राप्त गरेको, ऋण चुक्ता गर्ने विधि तथा अन्तिम मिति आदिको बारेमा स्पष्ट उल्लेख भएको ऋण स्वीकृत लिखितम नै पैसा सापटी दिइएको एक बलियो प्रमाण हुन्छ ।

तपाईंसँग ऋण स्वीकृत लिखितम नभए तापनि पैसा सापटी दिदाँ सो स्थानमा उपस्थित हुने परिचित व्यक्ति (साक्षी) वा इमेल जस्ता अन्य प्रमाण सहित ऋण सम्झौता भएको प्रमाणित गर्न सक्नुहुन्छ । तसर्थ, वकील वा लेखनदाससँग परामर्श लिनु होला ।

## मैले ऋण तिर्न नसकेको हुनाले म चिन्तित छु । मैले के गर्नुपर्छ ?

तपाईं आफ्नो ऋण भुक्तानी गर्न सक्नुहुन्न भनेको तपाईंको आम्दानी र खर्च सन्तुलनमा छैन । ऋण (ऋण समेकन) व्यवस्थित गर्न सिफारिस गर्छौं । यदि तपाईं आफैले गर्न गाह्रो लाग्यो भने, यसलाई व्यवस्थित गर्न विशेषज्ञसँग परामर्श लिनुहोला ।

ऋण समेकन गर्नका लागि पहिला तपाईंले सापट लिनुभएको पैसा (ऋण) मात्र नभएर विभिन्न भुक्तानी नगरिएका वा पूर्वनिर्धारित रकम सहित पूरै ऋणको सटीक रकम थाहा पाउनुपर्छ ।

आफुले धेरै वर्षदेखि उच्च ब्याज दरमा पैसा भुक्तानी गर्दै आउनुभएको थियो भने भुक्तानी गर्नुपर्ने ब्याज दरमा पुन: गणना गरेमा आफूले चाहिने ब्याज भन्दा बढी भुक्तानी गरेको (अधिक भुक्तानी) हुन सक्छ । आफूले बढी भुक्तानी गरेको रहेछ भने बढी भएको रकम प्राप्त गर्न र आफ्नो ऋण चुक्ता गर्न सक्नुहुनेछ ।

अर्कोतर्फ, कुनै अधिक भुक्तानी नभएमा वा अधिक भुक्तानी चुक्ता गरेपछि पनि अझै ऋण बाँकी रहेमा बाँकी रहेको ऋण स्वैच्छिक व्यवस्था, ऋण समाधान वा स्वैच्छिक दिवालियापन आदि मार्फत व्यवस्थित गर्न सकिन्छ ।

स्वैच्छिक व्यवस्था भनेको वकील वा लेखनदास जस्ता विशेषज्ञले वित्तीय संस्थासँग सिधै वार्ता गरी अदालतका कार्यविधिहरूलाई ध्यानमा नराखी भावी भुक्तानी रकम र विधि बारे निर्णय लिनु हो । यो छलफल मार्फत समस्या समाधान गर्ने प्रक्रिया मात्र भएको हुनाले सम्झौता नपुग्ने र स्वेच्छापूर्वक व्यवस्था मिलाउन नसकिने अवस्थाहरू पनि हुन सक्दछ ।

ऋण फछर्यौट (ऋण सेटलमेन्ट) भनेको एक अदालती प्रक्रिया हो । नागरिक पुन:स्थापना ऐनद्वारा अनुबन्ध गरिएको विधिद्वारा ऋणको कुल रकम घटाइनेछ । त्यसपछि, घटाइएको रकम मुलभूत रूपमा 3 वर्ष भित्र किस्ताबन्दीमा भुक्तानी गरिनु पर्नेछ । यसका साथै, आफूले आवास धितोमा राखेको भएमा आवास छोड्न नपर्ने विशेष नियम छ । यद्यपि, ऋण फछर्यौट  प्रयोग गर्नका लागि नियमित आम्दानी हुनु आवश्यक हुन्छ ।

स्वैच्छिक दिवालियापन पनि एक अदालती प्रक्रिया हो । यसको उद्देश्य भनेको आफ्नो सम्पत्ति वा आम्दानीको तुलनामा ऋण रकम (ऋण, चूक, आदि) भन्दा धेरै हुँदा र आफूले चुक्ता गर्न नसक्दा चुक्ताको माफी (छूट) मिलाउनु हो । अचल सम्पत्ति जस्ता उच्च मूल्यका सम्पत्तिहरू भएमा कुनै पनि छूट प्रक्रियाभन्दा अगाडि तिनीहरूलाई नगदमा रूपान्तरण गरेर प्रत्येक साहुलाई बुझाउनु पर्छ । दैनिक जीवनमा अत्यावश्यक हुने दैनिक आवश्यकताका वस्तुहरुको कुनै पनि तरलता हुनेछैन ।

ऋण दिने व्यवसायको रूपमा दर्ता नगरेका व्यावसायिक सञ्चालक वा कानूनद्वारा निर्धारण गरिएको भन्दा उच्च ब्याज दरमा ऋण दिने गैरकानूनी व्यावसायिक सञ्चालकबाट ऋण लिनु अमान्य हुन्छ ।

## एउटा साथीले मलाई आफ्नो ऋणको लागि जमानी बस्न अनुरोध गर्नुभयो । मैले अझैपनि त्यसमा सहमति जनाएको छैन, के सम्बन्धी म सचेत रहनुपर्ला ?

आफूले जमानत दिनुपर्ने रकम, म्याद र जमानतको प्रकार जस्ता जमानत करारको विषयवस्तुसँग सम्बन्धित करार ध्यानपूर्वक हेर्नुपर्छ र आफ्नो साथी (प्रमुख ऋणी) ले ऋणको साँवा वा ब्याज भुक्तानी गर्न नसक्ने अवस्थामा आफू जमानी बस्ने व्यक्तिको रूपमा आफ्नो दायित्व वास्तवमै निर्वाह गर्न सकिन्छ वा सकिँदैन भनी ध्यानपूर्वक विचार गर्नुपर्छ ।

साधारण जमानी बाहेक पनि जमानीका अरू प्रकारहरू छन्, जस्तै संयुक्त जमानी जहाँ प्रमुख ऋणीसँग संयुक्त रूपमा ऋण बेहोर्नु पर्ने हुन्छ र मूल जमानी जहाँ निश्चित दायरा (जमानतको सीमा) अन्तर्गत विनिर्दिष्ट ऋणको लागि लगातार जमानत दिने गर्दछ । जमानीको प्रकार अनुरूप दायित्वहरू फरक हुन्छ ।

जमानी सम्झौता लिखित (वा उक्त सामग्रीको इलेक्ट्रोम्याग्नेटिक रेकर्ड) नगरिँदासम्म कुनै पनि जमानी सम्झौता प्रभावकारी हुनेछैन । विशेषगरी कुनै व्यवसायको लागि प्रमुख ऋणीको अधिकारी वा निर्देशक जमानी बस्दा बाहेकका अवस्थाहरूमा, कुनै व्यक्ति प्रमुख ऋणको जमानी बस्दा जमानीको अभिप्राय नोटरी कार्यविधिद्वारा पुष्टि गरिनुपर्छ । यसका साथै, प्रमुख ऋणीले जमानी बसिदिन अनुरोध गरिएका व्यक्तिलाई आफ्नो सम्पत्ति र आय व्ययको स्थिति, अन्य ऋणहरू वा धितोको अस्तित्व/विषयवस्तुको सम्बन्धमा जानकारी उपलब्ध गराउन मुख्य ऋणी बाध्य हुन्छ । यी जानकारीको आधारमा आफू जमानी बस्ने उच्च जोखिमलाई ध्यानपूर्वक विचार गर्नुपर्छ ।

# परिवार सम्बन्धी

## म आफ्नो जापानी पति/पत्नीसँग आपसी सहमतिमा सम्बन्ध विच्छेद गर्ने विचार गर्दैछु । के कस्ता प्रक्रियाहरू आवश्यक हुन्छ ?

पति/पत्नी जापानमा बस्ने जापानी नागरिक भएको खण्डमा जापानी नागरिक कोड बमोजिम आपसी सहमतिमा सम्बन्ध विच्छेद गर्न सक्नुहुन्छ । नगरपालिकाको कार्यालयमा सम्बन्ध विच्छेदको निवेदन र पारिवारिक रेजिस्ट्रीको प्रतिलिपि पेश गरेर आपसी सहमतिमा सम्बन्ध विच्छेद गर्न सकिन्छ । (हालको ठेगाना र दर्ता भएको ठेगाना एउटै नगरपालिका भएमा पारिवारिक रेजिस्ट्रीको प्रतिलिपि आवश्यक हुँदैन)

यद्यपि, सबै पक्षहरू बीचको सहमतिमा सम्बन्ध विच्छेद कदर हुने आपसी सहमति सम्बन्ध विच्छेद प्रणाली धेरै राष्ट्रहरूमा अपनाएको छैन । तसर्थ, विदेशी पति/पत्नीको आफ्नो राष्ट्रको कानून अन्तर्गत आपसी सम्बन्ध विच्छेद नभएमा "उक्त सम्बन्ध विच्छेद जापानमा कदर हुने तर विदेशी पति/पत्नीको आफ्नो राष्ट्रमा कदर नहुने" अवस्था उत्पन्न हुन्छ । त्यसकारण सम्बन्ध विच्छेद गर्न पक्षहरू सहमत भए तापनि आपसी मञ्जुरीमा सम्बन्ध विच्छेद गर्नुको सट्टामा अदालतको दायरामा पर्ने प्रक्रिया (मध्यस्थता भएको सम्बन्ध विच्छेद, पारिवारिक, अदालतको मध्यस्थताद्वारा गरिएको सम्बन्ध विच्छेद, सुनवाईद्वारा गरिएको सम्बन्ध विच्छेद) प्रयोग गर्न आवश्यक हुन्छ । विदेशी पति/पत्नीको आफ्नो राष्ट्रमा प्रचलित कानूनी प्रणाली बारे थप जानकारीको लागि कृपया जापानमा रहेको उक्त राष्ट्रको दूतावास कार्यालयमा सम्पर्क गर्नुहोला ।

यसका साथै, सम्बन्ध विच्छेदको अवस्थामा हिरासत, बाल समर्थन (भरणपोषण), अंशबण्डा, एकमुष्ठ रकम वा खर्च भराई आदिको व्यवस्था मिलाउनु आवश्यक हुन्छ, त्यसैले कृपया वकीलसँग परामर्श लिनुहोला ।

## म “जापानी नागरिकको पति/पत्नी वा बच्चा” को निवास स्टेट्स (भिसा) मा जापान बसिरहेको थिएँ तर के म सम्बन्ध विच्छेद भएपछि पनि जापान बस्न सक्छु ?

सर्वप्रथम, यदि “जापानी नागरिकको पति/पत्नी वा बच्चा” वा “स्थायी निवासीको पति/पत्नी वा बच्चा” को भिसा बसिरहेको विदेशी नागरिकले आफ्नो जापानी पति/पत्नीसँग सम्बन्ध विच्छेद गर्छ भने उनीहरू स्थानीय अध्यागमन कार्यालयमा जानुपर्छ र वा सम्बन्ध विच्छेदको 14 दिनभित्र क्षेत्रीय अध्यागमन ब्यूरो, टोकियोमा पत्राचार गरेर न्याय मन्त्रालयलाई सूचित गर्न आवश्यक हुन्छ । यदि यो प्रक्रिया पालना गरिएन भने भिसा गुमाउने जोखिम हुन्छ ।

अर्को, भीसा आवश्यक शर्तहरू  पूरा हुने खाले भिसामा आफ्नो भिसा परिवर्तन गर्नको लागि आवेदन दिनुपर्छ ।

स्थायी आवासीय भिसा चाहेका विदेशी नागरिकको जापानी पति/पत्नी तर्फबाट नाबालिक बच्चा छ र अभिवावकको रूपमा बच्चाको हिरासत लिएर हुर्काउँदै हुनुहुन्छ र सो बच्चालाई जापानमा समर्थन जारी राख्नुपर्छ भनी पुष्टि भएको खण्डमा हालको भिसालाई “दीर्घकालीन आवासीय भिसा” मा परिवर्तन गर्न स्वीकृत हुनसक्दछ ।

यसका साथै, माथि उल्लेखित शर्तहरू पूरा नभए तापनि, तपाईंसँग “जापानी नागरिकको पति/पत्नी वा

बच्चा” को रूपमा आवासीय भिसा अवधि लामो छ भने “दीर्घकालीन आवासीय भिसा” को लागि आवश्यक “विशेष कारण” ठहर भई, आवासीय भिसामा परिवर्तन गर्न स्वीकृत हुनसक्दछ ।

यदि आफ्नो भिसाको बारे चिन्तित हुनुहुन्छ भने वकील वा अन्य विशेषज्ञसँग परामर्श लिएर न्यायिक उदाहरणहरूको आधारमा अध्यागमन ब्यूरो, जापानबाट उपयुक्त सुझाव लिनु राम्रो हुन्छ ।

## म आफ्नो पति/पत्नीको हिँसाबाट पीडित छु । मैले के गर्नुपर्छ ?

पति/पत्नीको हिँसा (घरेलु हिँसा) भनेको मानव अधिकारको एक गम्भीर उल्लङ्घन हो जसले अपराध निम्त्याउन सक्दछ । यदि आफूलाई खतरा महसूस भए छ भने पहिला प्रहरी वा पति/पत्नी हिँसा परामर्श तथा सहायता केन्द्र (महिला केन्द्र वा लैङ्गिक समानता केन्द्र जस्ता विभिन्न नामका संस्था) मा परामर्श गरी मद्दतको लागि अनुरोध गर्नुपर्छ । पति/पत्नी हिँसा परामर्श तथा सहायता केन्द्रमा अस्थायी आश्रयमा सर्ने कुरा बारे परामर्श लिन सकिन्छ । यसका साथै, तपाईंको पति/पत्नीले प्रक्रिया चलिरहेको भिसा अवधिको विस्तार जस्ता भिसा सम्बन्धित प्रक्रियामा सहकार्य नगर्ने अवस्थामा आफू घरेलु हिँसाबाट पीडित भएको कुरा जापान अध्यागमन ब्यूरोमा रिपोर्ट गर्नु राम्रो हुन्छ ।

केही केसहरूमा जस्तै आफ्नो पति/पत्नीले आफूलाई पछ्याउन वा आवास वा कार्यस्थल नजिकै भट्किनबाट प्रतिबन्ध लगाउने आदेश (पहुँच प्रतिबन्ध आदेश) वा आफ्नो पति/पत्नीलाई अस्थायी रूपमा आफ्नो आवासबाट निकाल्ने आदेश (निष्कासन आदेश), आफ्ना बच्चा(हरू) र आफ्ना आफन्तहरूका लागि पहुँच प्रतिबन्ध आदेश वा टेलिफोन गर्न प्रतिबन्ध आदेश जारी गर्न जिल्ला अदालतमा आवेदन दिन सकिन्छ । पति/पत्नीले आफू माथि हिँसा गरेमा वा आफू हिँसाबाट घाइते भएमा आपराधिक अभियोगको लागि उजुरी दायर गर्न पनि सकिन्छ । यस सम्बन्धि आफूले अपनाउन सकिने कानूनी प्रक्रिया बारे वकीलसँग परामर्श लिन सुझाव गर्छौं ।

यसका साथै, Houterasu ले घरेलू हिँसाबाट पीडितहरूलाई उनीहरूको आय वा सम्पत्ति ध्यानमा नराखी थप क्षतिको रोकथाम सम्बन्धि कानूनी परामर्श (विशेष अपराधका पीडितहरूका लागि कानूनी परामर्श) उपलब्ध गराउँदछ । यदि तपाईं यो सेवा प्रयोग गर्न चाहनुहुन्छ भने कृपया बहुभाषीय सूचना सेवा (0570-078377) मा कल गर्नुहोला र नजिकैको Houterasu स्थानीय कार्यालयमा सोधपूछ गर्नुहोला (यदि तपाईं जापानी भाषा बोल्न सक्नुहुन्छ भने अपराध पीडित सहायता, फोन नम्बर (0570-079714) पनि उपलब्ध छ) ।

# कार्यस्थलका समस्याहरू

## मेरो कार्यस्थलले मलाई तलब भुक्तानी गर्दैन । मैले के गर्नुपर्छ ?

निम्न उपायहरू अपनाउन सकिन्छ ।

1) आफ्नो रोजगारदातालाई प्रमाणित पत्राचारद्वारा तलब भुक्तानी गर्न अनुरोध गर्नुपर्छ ।
2) श्रम स्तर निरीक्षण कार्यालयमा आफ्नो रोजगारदातालाई सल्लाह सुझाव दिन भनी अनुरोध गरी रिपोर्ट गर्नुपर्छ ।
3) अदालतमा भुक्तानी नगरिएको पारिश्रमिक भुक्तानी खोज्दै अभियोग वा श्रम परीक्षण कार्यवाहीको लागि मुद्दा दायर गर्नुपर्छ ।

रोजगारदाताले श्रम क्षतिपूर्तिको रूपमा कामदारलाई पारिश्रमिक भुक्तानी गर्न बाध्य हुन्छ । यदि रोजगारदाताले पारिश्रमिक भुक्तानी गर्दैन भने श्रम करारको उल्लङ्घन हुन्छ ।
यद्यपि, पारिश्रमिक दाबी गर्ने हकमा भुक्तानी हदम्याद कानून लागू हुन्छ । पारिश्रमिक भुक्तानी मितिदेखि दुई वर्ष (*) को म्याद नाघेमा भुक्तानी हदम्याद कानून लागू हुनेछ र उपरान्त पारिश्रमिक दाबी गर्न असक्षम ठहर हुनेछ ।

*सन् 2020 अप्रिल 1 तारिक उपरान्त भुक्तानी गरिनुपर्ने पारिश्रमिकमा पारिश्रमिक भुक्तानी हदम्याद कानून सम्बन्धित श्रम मापदण्ड ऐन संशोधन गरिएको छ । व्यवस्थामा "5 वर्ष" भनी उल्लेख भए तापनि यसलाई परिवर्ती उपायको रूपमा हालको लागि "3 वर्ष" तोकिएको छ ।

कुनै प्रक्रियाहरू अगाडि बढाउनको लागि वकील जस्ता विशेषज्ञसँग परामर्श लिनु राम्रो हुनेछ ।

## मेरो कम्पनीले मलाई, "के तपाईं स्वेच्छाले कम्पनी छोड्न सक्नुहुन्छ ?" भनेर सोध्यो, के मैले सो कुरालाई ध्यानमा राख्नुपर्छ ?

कम्पनी छोड्न सुझाव गरिए तापनि यो स्वीकार गर्ने वा नगर्ने भन्ने कुरा आफ्नो विचार हुन्छ, त्यसो गर्नुपर्ने कुनै बाध्यता हुँदैन । यदि आफूले कम्पनी छोड्ने इरादा गरेको छैन भने यसबारेमा स्पष्ट हुनु महत्त्वपूर्ण हुन्छ ।
यदि कम्पनीले कम्पनी छोड्नुको अनुशासनात्मक कारण देखाई तपाईंलाई गलत तरिकाले विश्वास दिलाउँछ वा तपाईंलाई छल गरेर कुनै कोठामा बन्द गरेर लगातार छोड्न दबाब दिन्छ भने कम्पनी छोड्ने आफ्नो इरादा नभएको कुरालाई जोड दिएर भन्नुपर्छ ।
यसका साथै, आफूले कम्पनी छोड्ने इरादा नभएको कुरा भन्दा भन्दै पनि लगातार छोड्न दबाब दिन्छ भने यातानाको आधारमा क्षतिपूर्ति दाबी गर्न सकिन्छ ।
प्रमाण पुष्टि गर्न कम्पनी छोड्न आफूलाई कसरी बाध्य बनाइएको थियो भन्ने कुराहरू नोट गर्नु वा रेकर्ड

राख्नु राम्रो हुन्छ । प्रमाणको सुरक्षा कसरी गर्ने र कम्पनीसँग कसरी सम्झौता गर्ने बारे जतिसक्दो छिटो वकीलसँग परामर्श लिन सुझाव गर्छौं । तपाईंलाई आफ्नो भिसाको लागि सम्बन्धी कम्पनीको सहकार्य आवश्यक पर्छ भने, निवास अवधि अझैपनि पर्याप्त समय बाँकी हुँदा नै जतिसक्दो छिटो सल्लाह सुझाव लिनु महत्त्वपूर्ण हुन्छ ।

## मलाई काममा धम्काउने दुर्व्यवहार गरिन्छ (उत्पीडन, पदीय शक्ति दुरुपयोग उत्पीडन) । मैले के गर्नुपर्छ ?

"कार्यस्थल दुर्व्यवहार तथा उत्पीडन" भन्नाले काम गर्ने वातावरण बिगार्ने वा कमजोर पदमा रहेका कामदारहरूलाई उनीहरूको कार्य स्थिति वा सम्बन्धको कारणले मानसिक वा शारीरिक तनाव दिएर उनीहरूको प्रतिष्ठा, गोपनीयता, शारीरिक सुरक्षा र कार्य स्वतन्त्रता जस्ता काम गर्ने अधिकार वा विशेषाधिकारहरूको उल्लङ्घन गर्ने कार्यलाई जनाउँदछ ।

"कार्यस्थलमा पदीय पावर दुरुपयोग उत्पीडन" भन्नाले कामको स्थिति र सोही कार्यस्थलमा काम गर्ने कामदारहरूसँगको सम्बन्ध जस्ता कार्यस्थल अनुक्रमको आधारमा मानसिक तथा शारीरिक उत्पीडन दिई हद भन्दा बाहिर पर्ने गरी काम गर्ने वातावरण बिगार्ने कार्यलाई जनाउँदछ । यसमा बोसद्वारा अधीनस्थ कामदारहरूलाई गरिने व्यवहार मात्र नभएर सिनियर/जुनियर, सहकर्मीबीचको व्यवहार र अधीनस्थ कामदारहरूद्वारा बोसलाई गरिनेको व्यवहार पनि पर्दछन् ।

कामदारहरूको लागि काम गर्ने वातावरण सहज कायम राख्नु वा ध्यान दिनु रोजगारदाताको दायित्व हुन्छ र दुर्व्यवहार विरूद्ध उपयुक्त उपायहरू अपनाइएन भने यस दायित्व उल्लङ्घनको रूपमा क्षतिको लागि उत्तरदायी हुनेछ । त्यसकारण दुर्व्यवहारको प्रतिक्रियाको रूपमा व्यवस्थापीय उपायहरू माग गर्दै दुर्व्यवहार गर्ने व्यक्तिलाई मात्र नभएर रोजगारदातालाई पनि त्यस्ता कार्यहरू रोक्नको लागि वा क्षतिको लागि क्षतिपूर्ति दाबी गर्न आवेदन दिन सकिन्छ । यदि आफूलाई काममा धम्काउने दुर्व्यवहार गरिँदैछ भने प्रमाणको लागि नोट गर्ने वा रेकर्डिङ गर्ने गर्नुपर्छ ।

यसका साथै, कार्यस्थलमा हुने दुर्व्यवहार तथा उत्पीडनका विभिन्न प्रकारहरूको सम्बन्धमा वकील वा प्रान्तीय श्रम ब्यूरो जस्ता विशेषज्ञसँग परामर्श लिनु राम्रो हुनेछ ।

## म कम्पनीको कार चलाएर काममा आउँदा मेरो दुर्घटना भएको थियो । कम्पनीले क्षतिपूर्ति मागिरहेको छ । के मैले सो कुरालाई ध्यानमा राख्नुपर्छ ?

मदिराको नशामा कामदारले सवारी चलाउएको जस्ता गम्भीर गल्ती नभएसम्म, कम्पनीको दाबी स्वीकार्य नहुने प्रबल सम्भावना हुन्छ । काममा हुने गल्तीहरूको तोकिएको जरिवाना वा सजाय भए तापनि यो प्रावधान यहाँ लागू हुँदैन ।

कम्पनीको दाबी स्वीकृत भए तापनि यसको मतलब तपाईंले क्षतिको पूर्ण रकम भुक्तानी गर्नुपर्छ भन्ने हुँदैन । सजिलै हार मान्नुहुँदैन ।

साथै, कम्पनीलाई अनुमतिबिना तपाईंको तलबबाट क्षतिपूर्ति कटाउने अनुमति हुँदैन । यदि बिना अनुमति क्षतिपूर्ति कटौती गरेमा रकम दाबी गर्न सकिन्छ ।

# Houterasu जानकारी सेवाहरू तथा नागरिक कानूनी सहायता

## मैले Houterasu को बहुभाषीय जानकारी सेवामा फोन गरेर कस्ता प्रकारका सेवाहरू प्राप्त गर्न सक्छु ?

जापानी कानूनी प्रणाली वा परामर्श सेवा सम्बन्धी जानकारी आफ्नो मातृभाषामा प्राप्त गर्न ईच्छुक विदेशी भाषा बोल्ने प्रयोगकर्ताहरूले यी सेवाहरू प्रयोग गर्न सक्नुहुन्छ ।

यो प्रयोगकर्ता, दोभाषे र Houterasu कर्मचारी सदस्यबीच तीन तर्फी संचालित कल मार्फत गरिन्छ । तीन तर्फी कलमा प्रयोगकर्ताले बहुभाषीय जानकारी सेवाको फोन नम्बर (0570-078377) मा कल गर्यो भने दोभाषेले प्रयोगकर्ताले रूचाएको स्थानीय कार्यालय वा शाखामा कल स्थानान्तर गरिन्छ । यसरी प्रयोगकर्ता र Houterasu कर्मचारी सदस्यबीच दोभाषेको मार्फत तीन तर्फी कल गरिन्छ ।

यदि तपाईं मुद्दा मामिलाहरू समाधान गर्ने विशेष विधिहरू जान्न चाहनुहुन्छ भने विशेषज्ञबाट कानूनी सल्लाह लिन आवश्यक पर्छ । हामी बहुभाषीय जानकारी सेवामा तपाईंलाई Houterasu को निःशुल्क कानूनी परामर्श सेवा सहित मुद्दा मामिलाहरू समाधान गर्न मद्दत गर्ने सम्बन्धित बुदाँहरूको बारेमा बताउनेछौं ।

## के जो कसैले पनि Houterasu बाट निःशुल्क कानूनी परामर्श प्राप्त गर्न सकिन्छ ?

Houterasu ले निजी तथा घरेलु मामिलाका समस्याहरू भएका तर पैसाको अभावले गर्दा वकीलहरू र लेखनदासहरूद्धारा (कानूनी सहायता/कानूनी परामर्श सहायता) कानूनी सहायता प्राप्त गर्न नसक्ने व्यक्तिहरूलाई निःशुल्क कानूनी परामर्श उपलब्ध गराउँदछ । यो प्रणाली प्रयोग गर्नको लागि देहायका आवश्यक शर्तहरू पूरा हुनुपर्छ ।

- आम्दानी र सम्पत्तिहरू निश्चित रकम भन्दा कम हुनु
- जापानमा ठेगाना भएको र कानूनी रूपमा बस्दै आएका (यद्यपि, आफ्नो निवास स्थिति (भिसा) समस्यापूर्ण भई, भिसा सम्बन्धी काम हेर्ने प्रशासकीय निकाय विरूद्ध मुद्दा दायर गराएर अदालतमा आफ्नो भिसा पहिचान गराएर पुष्टि गराउन सकिन्छ भने अपवादको रूपमा भिसा नभए तापनि आवश्यक शर्त पूरा भएकको ठहर हुनेछ । )

Houterasu कार्यालयको अतिरिक्त नागरिक कानूनी सहायता तथा परामर्श गरिने दर्ता भएका परामर्श केन्द्रहरू जस्तै बार संघहरू र लेखनदास संघहरूबाट कानूनी सहायता र परामर्श लिन सकिन्छ ।

थप जानकारीका लागि कृपया बहुभाषीय जानकारी सेवा (0570-078377) मा कल गर्नुहोला । दोभाषेले तपाईंलाई तपाईंको स्थानीय Houterasu कार्यालयमा सम्पर्क गराउनेछ र तीन तर्फी कल (प्रयोगकर्ता, दोभाषे, Houterasu कर्मचारी सदस्यहरू) मार्फत तपाईंसँग काम गरिनेछ ।

यदि तपाईं नागरिक कानूनी सहायताका लागि आवश्यक शर्तहरू पूरा गर्नु सक्नुहुन्न भने, हामी तपाईंलाई बार संघहरू, लेखनदास संघहरू र नगरपालिकाहरू जस्ता कानूनी सल्लाह सुझाव उपलब्ध गराउने परामर्श केन्द्रहरूमा सम्पर्क गराइदिनेछौं । परामर्श केन्द्र अनुसार कानूनी परामर्श शुल्क लाग्न सक्छ ।

# <कानूनी परामर्श सहायताका शर्तहरू>

दुवै मापदण्ड A र मापदण्ड B पूरा हुनुपर्छ।

## मापदण्ड A

**आम्दानी आदि निश्चित रकम भन्दा कम हुनु**

श्रीमान र श्रीमती बीचको विवादको अवस्थामा बाहेक मूलतः पति/पत्नीको आम्दानी र सम्पतिहरूको आधारमा सहायता निर्धारण गरिनेछ।
मासिक आम्दानीको लागि निर्देशनहरू (बोनसहरू सहित 1/12 को घरमा लगिने वार्षिक आम्दानी) निम्नानुसार हुनु।

| एकल व्यक्ति | दुईजनाको परिवार | तीनजनाको परिवार | चार जनाको परिवार |
|---|---|---|---|
| 182,000 येन वा सोभन्दा कम<br>( 200,200 येन वा सोभन्दा कम ) | 251,000 येन वा सोभन्दा कम<br>( 276,100 येन वा सोभन्दा कम ) | 272,000 येन वा सोभन्दा कम<br>( 299,200 येन वा सोभन्दा कम ) | 299,000 येन वा सोभन्दा कम<br>( 328,900 येन वा सोभन्दा कम ) |

*कोष्ठकहरूमा भएका संक्या भनेको  टोकियो र ओसाका जस्ता ठूला सहरहरूका लागि मानक रकम हुन्।
*पाँचजना वा सोभन्दा बढी परिवारको हकमा प्रत्येक थप सदस्यको लागि 30,000 येन (33,000 येन) थपिनेछ।
*यदि चिकित्सा खर्च र शैक्षिक खर्च जस्ता खर्चहरू छन् भने सोही अनुरूपको रकम कटौती गरिनेछ।
*यदि तपाईं बहाल वा धितो ऋण भुक्तानी गर्दै हुनुहुन्छ भने माथिको आय मानकमा देहायको  सीमा दायरा भित्रको लागि पूरै रकम गणना गरिनेछ। कोष्ठकहरूमा भएका रकम टोकियोको विशेष वार्डका निवासीहरूका लागि थपिने रकम सीमा हुन्।

| एकल व्यक्ति | दुईजनाको परिवार | तीनजनाको परिवार | चारजना वा सोभन्दा बढीको परिवार |
|---|---|---|---|
| 41,000 येन<br>( 53,000 येन ) | 53,000 येन<br>( 68,000 येन ) | 66,000 येन<br>( 85,000 येन ) | 71,000 येन<br>( 92,000 येन ) |

## मापदण्ड B

**स्वामित्वमा रहेका सम्पत्तिहरू निश्चित रकम भन्दा कम हुनु**

नगद र बचतहरूको कुल रकमले निम्न मापदण्डसँग मेल खानुपर्छ।

| एकल व्यक्ति | दुईजनाको परिवार | तीनजनाको परिवार | चारजना वा सोभन्दा बढीको परिवार |
|---|---|---|---|
| 1.8 मिलियन येन वा सोभन्दा कम | 2.5 मिलियन येन वा सोभन्दा कम | 2.7 मिलियन येन वा सोभन्दा कम | 3 मिलियन येन वा सोभन्दा कम |

## म मेरो समस्या पुन:समाधान गर्नको लागि वकील/न्यायिक लेखक राख्न चाहन्छु । त्यहाँ के कस्ता प्रकारका शुल्कहरू लाग्नेछ र कति जति पर्नेछ ?

सामान्यतया, वकील वा लेखनदासहरूलाई भुक्तानी गर्नुपर्ने खर्चका प्रकारहरूमा कानूनी सल्लाह शुल्क, स्टार्ट-अप शुल्क, पारिश्रमिक, ह्यान्डलिङ शुल्क, वास्तविक खर्च, दैनिक पारिश्रमिक र परामर्श शुल्कहरू पर्दछ ।

त्यस्ता लागत खर्चको कुनै मानक मूल्य हुँदैन । त्यसैले हरेक वकील वा लेखनदासहरूले व्यक्तिगत रूपमै त्यी मानक मूल्य निर्धारण गरिन्छ ।

साथै, Houterasu ले नागरिक कानूनी सहायता प्रणालीद्वारा निजी तथा घरेलु मामिलाका समस्याहरू भएका तर पैसाको अभावले गर्दा वकीलहरू र लेखनदासहरूबाट कानूनी सहायता लिन नसक्ने व्यक्तिहरूलाई नि:शुल्क कानूनी सल्लाह उपलब्ध गराउँदछ र वकिलहरू, लेखनदासहरू र सुनुवाईहरूका लागत अग्रीम रूपमा भुक्तानी गरिदिन्छ जुन केही समयावधि पछि आफूले भुक्तानी गर्नुपर्दछ ।

नागरिक कानूनी सहायता प्रणाली प्रयोग गर्नका लागि आम्दानी र सम्पत्ति निश्चित रकम दायराभित्र हुनुपर्ने शर्त पूरा हुने, मुद्दा जित्ने सम्भावना हुने र मुद्दा नागरिक कानूनी सहायताको लागि उपयुक्त हुने खाले हुनुपर्दछ । यदि तपाईं वकील/लेखनदास शुल्क प्रतिपूर्ति प्रणाली प्रयोग गर्नुहुन्छ भने, लागत शुल्कहरू Houterasu को मानकमा आधारित भएर निर्धारण गरिन्छ । निर्धारित शुल्कहरू Houterasu द्वारा वकील र लेखनदासलाई अग्रिम रूपमा एकमुस्ट भुक्तानी गरिनेछ । सामान्य नियम अनुसार प्रयोगकर्ताहरूले Houterasu लाई किस्ताबन्दीमा पूरा रकम भुक्तानी गर्नुपर्नेछ ।

प्रतिपूर्ति प्रणाली सम्बन्धित सोध्पुछका लागि कृपया बहुभाषीय जानकारी सेवा (0570-078377) मा फोन गर्नुहोला । Houterasu का कर्मचारीले दोभाषे मार्फत यस प्रणाली बारे व्याख्या गरिनेछ ।

日本司法支援センター
法テラス